# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ८, भागः१ संख्याः १, मितिः२०८२/०४/०१ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।



कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२

## कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम कञ्चन गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरधुरी कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **कवाडी संकलन करः** कञ्चन गाउँपालिका क्षेत्रभित्र उत्पादन वा संकलन भएका पुनः प्रयोग हुन सक्ने माल बस्तु (Re use) र प्रशोधन (Recycle) पश्चात मात्र पुनः प्रयोग हुन सक्ने माल वस्तुमा अनुसूचि (४) बमोजिमको दरमा कवाड निकासी शुल्क लगाइनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्रका पार्क, उधान, मेला महोत्सव, व्यापार मेला, सरकस आदि जस्ता क्षेत्रमा लुम्विनी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ तथा मनोरञ्जन कर नियमावली, २०७६ बमोजिम

तोकिएको दर प्रकृयाबाट मनोरञ्जन कर लगाइने छ र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा सञ्चालन हुने हाटबजार वा पसलहरुमा बैठकी वापत अनुसूचि (८) दरमा बहाल बिटौरी शुल्क लगाइने छ ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा तथा वेदर्ता जग्गा उपयोग गरेबापत सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुट तथा जरिवानाः** १.यस ऐन बमोजिम कर तिर्ने दायित्त्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२. तर माथि जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम व्यवसाय कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ ।

**क. नविकरण गर्दाका वखत मात्र छुट पाउनेः**

(१) आ.व. २०८२/८३ को व्यवसाय कर २०८२ पौष मसान्त भित्रै बुझाएमा कर रकमको १० प्रतिशत र २०८२ चैत्र मसान्त भित्र बुझाएमा ५ प्रतिशतले हुने रकम छुट दिइनेछ ।

**ख. दर्ता वा नविकरण गर्दाका वखत छुट पाउने (व्यवसाय कर)**

(१) महिला वा दलितले मात्र सञ्चालन गरेको लघु उद्यमको व्यवसाय करमा २५ प्रतिशत छुट दिइने छ ।

(२) अपाङ्गता भएका व्यक्ति वा महिला स्वयंमले ठेला, रिक्सा, ई-रिक्सा तथा टेम्पो सञ्चालन सम्वन्धी व्यवसाय गरेको भए त्यस्ता साधन दर्ता, नविकरण वा नामसारी गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ । तर त्यस्ता व्यक्तिको नाममा दर्ता गरी अन्य व्यक्तिले सञ्चालन गरेको भएमा यो छुट दिइनेछैन ।

(३) "ख" र "ग" वर्गका अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका उद्योग व्यवसाय लाग्ने व्यवसाय लाग्ने करमा शत प्रतिशत छुट दिईनेछ ।

(४) आर्थिक विपन्नता, प्रकोप पिडित, पशु विमा वा नेपाल सरकार वा प्रदेश सरकारले तोकेको कडा रोगको औषधी उपचारको लागि सिफारिस गर्दा यस ऐन बमोजिम लाग्ने सिफारिस दस्तुरमा मिनाह दिइनेछ ।

(५) यस ऐन बमोजिम घर बहाल कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले एकमुष्ठ वार्षिक कर अग्रिम रुपमा २०८२ आश्विन महिना भित्र बुझाएमा कर रकमको १० प्रतिशतले हुने रकम छुट दिइनेछ ।

(६) यस ऐन बमोजिमको कुनै राजस्व बोलपत्रको माध्यमबाट संकलन गर्दा बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ट रुपमा अग्रिम दाखिला गरेमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ । यस्तो छुट पश्चात कायम हुने कबोल रकम उक्त ठेक्को न्यूनतम अंक भन्दा घटी हुन गरी दिइनेछैन । त्यसै गरी स्थानीय तह र प्रदेशको अधिकारमा रहेका (विभाज्य कोषमा राजस्व दाखिला हुने ) आय शिर्षकबाट बोलपत्रका माध्यमबाट राजस्व संकलन गर्दा यस्तो छुट दिइनेछैन।

**स्पष्टिकरणः** दफा १२ को उपदफा (१) (२) (३) बमोजिमको सहुलियत लिनका लागि यसको पुष्टि गर्ने प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१३. बक्यौतामा हर्जना लाग्नेः**

(१) हरेक चालु आ.व.को कर चालु आ.व. भित्रै बुझाउनु करदाताको कर्तव्य हुनेछ ।

(२) यस ऐन बमोजिम आर्थिक वर्ष २०८२/८३ मा बुझाउनु पर्ने कर २०८३ असार मसान्त भित्र नबुझाई बक्यौता रहेमा तत् पश्चात ५० प्रतिशत हर्जना लाग्नेछ ।

(३) आ.व. २०८२/८३ भन्दा अगाडिका आ.व.मा तत्कालिन आर्थिक ऐन बमोजिम यस गाउँपालिकालाई कर तिर्ने दायित्व भएका करदाताले चालु आ.व.२०८२/८३ मा कर बुझाउन ल्याएमा ५० प्रतिशत हर्जाना सहित कर बुझाउनु पर्नेछ ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१५. **बहाल शुल्कः** गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले निर्माण गरेका संरचनाको संचालन निजी क्षेत्र मार्फत गराउनु परेमा वा गाउँपालिका क्षेत्र भित्रका पोखरी वहालमा दिनु परेमा सार्वजनिक खरिद नियमावली,२०७७ बमोजिमको प्रकृयाबाट बहाल शुल्क लगाइनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१७. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन बमोजिम निर्धारण गरिएका कर तथा शुल्कहरु सम्बन्धमा द्विविधा उत्पन्न भएमा सो सम्बन्धि निर्णय गरी बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई प्रदान गरिएको छ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

१८. **<u>यसै ऐन बमोजिम भएको मानिने:</u>** यस ऐन जारी हुनुभन्दा अघि भए गरेका कर संकलन तथा शुल्क सम्बन्धि व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९. **<u>करका दर संशोधन नहुनेः</u>** यो ऐन लागु भए पछि सामान्यतया आर्थिक वर्ष २०८२/८३ को विचमा यस ऐनका अनुसूचिमा उल्लेखित करका दरहरु संशोधन गर्न सकिने छैन । तर गाउँसभाले यस ऐन बमोजिमका अनुसूचिमा छुटेका करको दायरा समावेश गर्न वाधा पर्ने छैन ।

२०. **<u>बचावट र खारेजीः</u>** २०८२ श्रावण १ गतेदेखि कञ्चन गाउँपालिकाको आर्थिक ऐन २०८१ स्वतः खारेज हुनेछ।

साथै, यस ऐनमा उल्लेख भएका व्यवस्थाहरु संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## अनुसुचि-१
## (दफा २ सँग सम्बन्धित)

**विभिन्न प्रकारका धुरीकरहरु**

| क्र.सं. | शीर्षक | दर |
|---|---|---|
| १ | धुरीकर खर | रु.५० |
| २ | धुरीकर खपडा/टाली/टिन | रु.१०० |
| ३ | धुरीकर पक्कि घर | रु.३०० |
| ४ | धुरीकर पक्की घर १ तला माथी प्रत्येक तला थप | रु.२०० |

**अव्यवस्थित जग्गाको न्यूनतम मूल्याङ्कन देहाय बमोजिम कायम गर्ने**

| | | |
|---|---|---|
| ५ | सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.४००००० |
| ६ | बनकसिया गरगरे भैसाही कोठी पुल सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| ७ | वरपिपल चोक देखि पुर्तिघाट हुँदै रुद्रपुर मा वि हुदै धौलागिरी चोक सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.४००००० |
| ८ | हरैया झलवा पच्चिस वगिया सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.४००००० |
| ९ | पिपरीचापा चौपारी हुदै घनश्याम चोक सम्मको सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १० | पिपरीचापा -भैसाही- पच्चिस वगिया सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| ११ | लौसा कुचेरा दानापुर सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १२ | अक्सफोर्ड कुचेरा रातडाँडा बासगढी सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १३ | दानापुर पुलदेखि गजेडी गाउँसम्म सडक | रु.३००००० |
| १४ | कुत्ता वसन्तफुलवारी कमलचोक सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १५ | थकालीचेक सरस्वती मा वि पच्चिस वगिया सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १६ | डायरीचोक राधाकृष्ण मन्दिर दुर्गा मन्दिर लखनचोक सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.३००००० |
| १७ | क. फायरलाइन- प्रतापपुर- हरैया-हनुमान नगर सडक मोहडामा पर्ने जग्गाको प्रति कट्ठा | रु.६००००० |
| १८ | ख. "क" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कट्ठा | रु.४००००० |

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

| | | |
|---|---|---|
| १९ | ग. "ख" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कट्ठा | रु.३००००० |
| २० | घ. सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडाका जग्गा प्रति कट्ठा | रु.४००००० |
| २१ | ङ. "घ" मा उल्लेखित सडकमा जोडिएको भित्रि कालोपत्रे र ग्राभेल बाटोको मोहडामा पर्ने जग्गा प्रति कट्ठा | रु.३००००० |
| २२ | च. बासगडी -बेलवरिया-सुर्यपुरा सडक, बेलभरिया-बकुलगाढ-हात्तीबजार, बासगडी गजेडी मसिना भैरवघाट -हरैया सडक र बनकसिया गरगरे भैसाही कोठीपुल सडक मोहडको जग्गा प्रति कट्ठा | रु.५००००० |
| २३ | छ.माथि उल्लेखित सडक बाहेक अन्य सडकमा पर्ने जग्गाको मोहडा प्रति कट्ठा | रु.२५०००० |
| २४ | ज. बाटो नभएको भित्रि जग्गा प्रति कट्ठा | रु.२००००० |

## अनुसुची-२

**(दफा-३ सँग सम्बन्धित )**

**मालपोत शुल्क भुमिकर**

| | | |
|---|---|---|
| १ | २ कट्ठा सम्म | रु.१०० |
| २ | २ देखि ५ कट्ठा सम्म | रु.२०० |
| ३ | ५ देखि १० कट्ठा सम्म | रु.५०० |
| ४ | १० कट्ठा देखि माथि प्रति कट्ठा थप | रु.५० |

## अनुसुची-३

**(दफा-५ सँग सम्बन्धित )**

**व्यवसाय कर**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | मदिरा थोक बिक्रेता | रु.८००० | रु.५००० |
| २ | मदिरा खुद्रा (फूटकर) बिक्रेता | रु.३००० | रु.२००० |
| ३ | होटेल गेष्ट हाउस सहित | रु.६००० | रु.३००० |
| ४ | रेष्टुरेण्ट | रु.२५०० | रु.१५०० |
| ५ | होटल रेष्टुरेन्ट स्विमिङ पुल सहित | रु.१०००० | रु.७००० |
| ६ | मिष्ठान्न भण्डार | रु.३००० | रु.२००० |
| ७ | निजी डेरी | रु.३००० | रु.२००० |

| | | | |
|---|---|---|---|
| ८ | चिया पसल | रु.१००० | रु.५०० |
| ९ | पार्टि प्यालेस | रु.५००० | रु.२५०० |
| १० | क्याटरिङ्ग/टेन्ट हाउस | रु.५००० | रु.३००० |
| ११ | पुल हाउस | रु.५००० | रु.३००० |
| १२ | छापाखाना | रु.४००० | रु.२००० |
| १३ | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | रु.४००० | रु.२००० |
| १४ | व्यावसायिक फर्म | रु.२००० | रु.१००० |
| १५ | सवारी साधन पार्टस बिक्री वितरण | रु.५००० | रु.२५०० |
| १६ | सवारी साधन मर्मत ग्यारेज (चार पाङ्ग्रे) | रु.५००० | रु.२५०० |
| १७ | सवारी साधन मर्मत ग्यारेज (तिन पाङ्ग्रे/मोटरसाइकल) | रु.२५०० | रु.१५०० |
| १८ | रिकण्डिसन हाउस | रु.२००० | रु.१००० |
| १९ | फ्रेस हाउस मासु पसल | रु.२००० | रु.१००० |
| २० | लेखापढी व्यवसायी सुचिकृत | रु.२५०० | रु.१५०० |
| २१ | हेभी इक्युपमेण्ट डोजर, लोडर, एक्साभेटर लगायतको सुचिकृत | रु.१०००० | रु.७००० |
| २२ | सुनचाँदी पसल | रु.४००० | रु.२००० |
| २३ | रिङ्ग टायल ब्लक उधोग | रु.४००० | रु.२००० |
| २४ | सेलर मिल | रु.५००० | रु.३००० |
| २५ | लुगा सिलाउने (टेलरिङ्ग) पसल | रु.२००० | रु.१००० |
| २६ | लुगा सिलाउने (टेलरिङ्ग) कपडा बिक्री समेत पसल | रु.५००० | रु.२५०० |
| २७ | कपाल काट्ने (सैलुन) | रु.२००० | रु.१००० |
| २८ | फोटो स्टुडियो | रु.२००० | रु.१००० |
| २९ | धान काट्ने जेट मेसिन | रु.१५०० | रु.१००० |
| ३० | कवाडी पसल | रु.५००० | रु.३००० |
| ३१ | सेनेटरी | रु.३००० | रु.२००० |
| ३२ | मिनि मार्केट | रु.३००० | रु.२००० |
| ३३ | घुम्ती व्यवसाय कर (चार पाङग्रे सवारी साधन प्रयोग गर्ने) | रु.५००० | रु.२५०० |
| ३४ | घुम्ती व्यवसाय कर (मोटर साइकल, अटो रिक्सा, लगायत अन्य सवारी सधान प्रयोग गर्ने) | रु.३००० | रु.१५०० |
| ३५ | अन्य घुम्ती व्यवसाय कर (साइकल) | रु.१००० | रु.५०० |
| ३६ | स्केट पार्क/जिम हाउस संचालन | रु.५००० | रु.२००० |

| | | | |
|---|---|---|---|
| ३७ | भाँडा पसल | रु.३००० | रु.१००० |
| ३८ | ग्याँस, चुलो डिलर | रु.३००० | रु.१००० |
| ३९ | गारमेन्ट | रु.५००० | रु.२००० |
| ४० | डल हाउस/गिफ्ट पसल तर्फ | रु.१५०० | रु.१००० |
| ४१ | कम्पनी शेयर बिक्री सिफारिस | रु.१००० | |
| ४२ | बेबी सप | रु.३००० | रु.१००० |
| ४३ | स्पोर्टस हाउस | रु.३००० | रु.१००० |
| ४४ | पुजा सामग्री पसल | रू.२००० | रु.१००० |

**संस्था दर्ता**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | आमा/महिला/युवा क्लब लगायत अन्य समूह | रु.५००० | रु.१००० |
| २ | युवा क्लब/संघसंस्था प्रतिष्ठान अभिलेखीकरण(सुचीकरण) | रु.२५०० | रु.१००० |
| ३ | खानेपानी तथा सरसफाई संस्था दर्ता अभिलेखीकरण | रू.३००० | रू.३००० |
| *दुई वा दुई भन्दा बढी आमा/महिला/युवा समूह क्लब एकीकरण हुन आएमा नवीकरण शुल्क लाग्ने छैन* | | | |

**कृषि तथा पशु**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | कृषक समूह/कृषि फर्म | रु.१००० | रु.५०० |
| २ | पशु फर्म | रु.१००० | रु.५०० |
| ३ | रसायनिक मल बिक्रेता सूचिकरण | रु.३००० | रु.१००० |

**अस्पताल तथा औषधि पसल**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | अस्पताल | रु.१०००० | रु.७००० |
| २ | पोलिक्लिनिक | रु.७००० | रु.५००० |
| ३ | फार्मेसी सम्बन्धी पसल | रु.४००० | रु.२५०० |
| ४ | ल्याब प्रयोगशाला | रु.२००० | रु.१००० |
| ५ | औषधि उत्पादक | रु.५००० | रु.३००० |
| ६ | फार्मेसी डिलर | रु.५००० | रु.२००० |
| ७ | डेन्टल क्लिनिक | रु.५००० | रु.२००० |
| ८ | चस्मा पसल | रु.२००० | रु.१५०० |

## आर्युवेदिक औषधि पसल

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | थोक बिक्रेता | रु.२००० | रु.१५०० |
| २ | खुद्रा बिक्रेता | रु.१५०० | रु.१००० |
| | **एग्रोभेट पसल दर्ता तथा नवीकरण** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | थोक बिउविजन जन्य पसल | रु.३००० | रु.२००० |
| २ | खुद्रा बिउविजन जन्य पसल | रु.२००० | रु.१५०० |
| | **बैंक तथा वित्तीय संस्था तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | "क" वर्गको बैंक | रु.१०००० | रु.५००० |
| २ | "ख" वर्गको बैंक | रु.७००० | रु.३००० |
| ३ | "ग" वर्गको बैंक | रु.५००० | रु.२५०० |
| ४ | लघु वित्त फाइनान्स | रु.३५०० | रु.२५०० |
| ५ | बहुउद्देश्यीय सहकारी संस्था | रु.३५०० | रु.२५०० |
| ६ | वचत तथा ऋण सहकारी संस्था | रु.३००० | रु.२५०० |
| ७ | महिला, पशु तथा कृषि सहकारी संस्था | रु.२५०० | रु.२००० |
| ८ | रेमिट (विप्रेषण केन्द्र) | रु.३००० | रु.२००० |
| | **स्टेशनरी पसल तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | थोक स्टेसनरी पसल | रु.३००० | रु.२००० |
| २ | खुद्रा स्टेसनरी पसल | रु.२००० | रु.१५०० |
| ३ | आर्ट पसल | रु.१५०० | रु.१००० |
| | **मोवाइल पसल तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | मोवाइल पसल/मर्मत पसल | रु.३००० | रु.२००० |
| २ | फोटोग्राफर तथा भिडियो ग्राफिक्स पसल | रु.३००० | रु.२००० |
| | **कस्मेटिक्स तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | कस्मेटिक पसल | रु.२५०० | रु.१५०० |

| | | | |
|---|---|---|---|
| २ | ब्युटी पार्लर | रु.२००० | रु.१००० |
| ३ | कस्मेटिक र फेसीयल सहित व्युटीपार्लर | रु.३००० | रु.२००० |
| | **फर्निचर तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | फर्निचर उद्योग | रु.७००० | रु.५००० |
| २ | फर्निचर सो-रुम होम डेकोर समेत | रु.३००० | रु.२००० |
| ३ | स:मिल | रु.२५००० | रु.१०००० |
| | **फेन्सी तथा कपडा पसल** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | कपडा तथा फेन्सी पसल | रु.३००० | रु.२००० |
| २ | जुत्ता पसल | रु.२५०० | रु.१५०० |
| ३ | जुत्ता/चप्पल उद्योग | रु.२५०० | रु.१५०० |
| | **इलेक्ट्रिक पसल** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | इलेक्ट्रिक पसल | रु.२५०० | रु.१५०० |
| २ | इलेक्ट्रोनिक्स पसल | रु.३००० | रु.२००० |
| | **सवारी साधन तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |
| १ | मोटरसाइकल सो-रुम तथा मर्मत | रु.५००० | रु.३००० |
| २ | साइकल सो-रुम तथा मर्मत | रु.३००० | रु.२००० |
| ३ | साइकल मर्मत पसल | रु.१५०० | रु.१००० |
| ४ | छड सिमेन्ट हार्डवेयर लगायत मेसिनरी पेन्टस, सेनेटरी, मार्वल तथा प्लाई पसल सुचिकरण समेत | रु.८००० | रु.५००० |
| ५ | सेनेटरी मार्बल पसल | रु.३००० | रु.२००० |
| ६ | पेन्टस पसल | रु.३००० | रु.२००० |
| ७ | प्लाई पसल | रु.३००० | रु.२००० |
| ८ | पेट्रोल पम्प तर्फ | रु.६००० | रु.४००० |

| | | | |
|---|---|---|---|
| | **खाद्यान्न तर्फ** | | |
| **क्र.सं.** | **शीर्षक** | **दर्ता** | **नविकरण** |

| | | | |
|---|---|---|---|
| १ | खाद्य सप्लायर्स | रु.३००० | रु.२००० |
| २ | गल्ला थोक | रु.४००० | रु.३००० |
| ३ | खाद्यान्न किराना थोक | रु.२५०० | रु.१५०० |
| ४ | साना किराना पसल | रु.१५०० | रु.१००० |
| ५ | आलु प्याज लसुन लगायत तरकारी फलफुल थोक पसल | रु.२००० | रु.१००० |
| ६ | आलु प्याज लसुन लगायत तरकारी फलफुल खुद्रा पसल | रु.१००० | रु.५०० |

**निर्माण व्यावसायी तर्फ**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | मिक्चर, भाईब्रेटर, सटरिङ्ग सामान सहित निर्माण व्यवसायी | रु.५००० | रु.४००० |
| २ | सटरिङ्ग मात्र भएको निर्माण व्यवसायी | रु.३००० | रु.२००० |
| ३ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र | रु.३०००० | रु.२०००० |

**उद्योग तर्फ**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | ईट्टा उद्योग | रु.२०००० | रु.१५००० |
| २ | घरेलु उद्योग | रु.२००० | रु.१५०० |
| ३ | ग्रील तथा आल्मुनियम उद्योग | रु.५००० | रु.३००० |
| ४ | ठुला उद्योग | रु.१५००० | रु.१०००० |

**सञ्चार माध्यम तर्फ**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | एफ.एम. | रु.५००० | रु.३००० |
| २ | टि. भी. च्यानल सन्चालन | रु.७००० | रु.५००० |
| ३ | केबुल सञ्चालन | रु.५००० | रु.३००० |
| ४ | पत्रपत्रिका | रु.३००० | रु.२००० |

- *एउटै पसलमा दुई वा दुई भन्दा बढी फरक प्रकृतिका व्यवसाय संचालन गरेको हकमा सबै प्रकृतिका व्यवसायको दर्ता तथा नवीकरणको शुल्क जोडी २५ प्रतिशत छुट दिईनेछ ।*

**अन्य करहरु**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | ईन्टरनेट कम्पनी सञ्चालन दस्तुर | रु.५००० | रु.३००० |
| २ | जग्गा नाँपजाँच र कायम प्रति कित्ता | रु.२००० | |

| | | | |
|---|---|---|---|
| ३ | घुम्ती राईस मिल | रु.३००० | रु.२००० |
| ४ | घुम्ती सिरक डसना मिल | रु.३००० | रु.२००० |
| ५ | टयाङ्की व्यवसायी | रु.५०० | रु.२०० |
| ६ | इन्जनियरिङ्ग कल्सन्टेन्सी | रु.३००० | रु.१५०० |
| ७ | इन्जनियरिङ्ग कन्सल्टेन्सी सुचिकृत | रु.२००० | |
| ८ | ईट्टा संकलन तथा बिक्री डिपो | रु.५००० | रु.३००० |
| ९ | निर्माण सामग्री सप्लायर्स | रु.५००० | रु.५००० |
| *अन्य माथि उल्लेख नभएको पसलहरुको हकमा (व्यवसायको प्रकृति हेरी रु.१००० देखि रु.३००० सम्म)* | | | |

**अनुसुची-४**

**(दफा-६ सँग सम्बन्धित)**

**कवाडीजन्य पदार्थको निकासी शुल्क**

१. पुन प्रयोग (Re-use) गर्ने देहायका बमोजिमका वस्तुहरुमा निम्ननुसारको निकासी शुल्क लगाइनेछ :

| क्र.सं. | माल वस्तु | इकाई | आ.व. २०८२/०८३ को दर |
|---|---|---|---|
| १ | खाली सिसी वियर बोत्तल | प्रति गोटा | १.०० |
| २ | खाली सिसी चिसो पेय बोत्तल | प्रति गोटा | १.०० |
| ३ | खाली सिसी मदिरा र अन्य बोतल ५०० एम. एल. भन्दा माथि | प्रति गोटा | ०.५० |
| ४ | खाली सिसी मदिरा र अन्य बोतल ५०० एम. एल. भन्दा तल | प्रति गोटा | ०.२० |
| ५ | प्लाष्टिक बोत्तल भाँडाकुँडा पुराना जुत्ता चप्पल ग्यालन र जर्किन | प्रति के.जी. | १.०० |
| ६ | खाली बोराः<br>५० के.जी. सम्म खद्यान्न अटने प्लाष्टिक बोरा,<br>५० के.जी. सम्म खद्यान्न अटने जुटका बोरा<br>१०० के.जी. सम्म खद्यान्न अटने जुटका बोरा | प्रति गोटा<br>प्रति गोटा<br>प्रति गोटा | ०.२५<br>०.२५<br>०.५० |
| ७ | तेलको टिन<br>१० लिटरभन्दा वढी अटने ठूलो<br>१० लिटरभन्दा कम अटने सानो | प्रति गोटा<br>प्रति गोटा | २.००<br>१.०० |

२. प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने देहाय अनुसारको कवाडी मालसमानमा निम्नानुसारको निकासी शुल्क लगाइनेछ :

| क्र.सं. | माल वस्तु | इकाई | आ.व. २०८२/०८३ को दर |
|---|---|---|---|
| १ | गार्मेण्टको कपडाको टुक्रा | प्रति के.जी. | २.०० |
| २ | जलेको मोबिल | प्रति लिटर | १.०० |
| ३ | जुट र प्लाष्टिकका बोरा | प्रति के.जी. | ०.२० |
| ४ | कार्पेटका टुक्रा | प्रति के.जी. | २.०० |
| ५ | टायरट्युव | प्रति के.जी. | २.०० |
| ६ | थोत्रो टिन | प्रति के.जी. | ०.५० |
| ७ | पुरानो ड्रम | प्रति के.जी. | ०.५० |
| ८ | पुराना कागजः<br>अखवार न्यूज प्रिन्ट<br>अन्य कागज कार्टुन समेत | <br>प्रति के.जी.<br>प्रति के.जी. | <br>०.५०<br>१.०० |
| ९ | धातुका टुक्राहरु र काम नलाग्ने भएका धातु समानहरुः<br>फलाम<br>अन्य धातु (पित्तल र तामा आदि)<br>थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | <br>प्रति के.जी.<br>प्रति के.जी.<br>प्रति के.जी. | <br>२.००<br>३.००<br>२.०० |
| १० | पोलिथिन पाइपका टुक्राहरु | प्रति के.जी. | १.०० |
| ११ | सिसाको धुलो वा टुक्रा | प्रति के.जी. | ४.०० |
| १२ | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १.०० |

*कवाडी कर संकलनका लागि न्यूनतम कबोल अंक २,५५,५००/- कायम गरी ठेक्का आह्वान गर्ने*

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## अनुसुची-५

**(दफा-७ सँग सम्बन्धित)**

| सवारी साधन तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
| १ | बस | रु.२००० | रु.२००० |
| २ | बस मिनि बस नामसारी सिफारिस | रु.५०० | |
| ३ | कार जिप भ्यान | रु.१००० | रु.१००० |
| ४ | टेक्टर | रु.२००० | रु.२००० |
| ५ | ठेला टांगा रेक्सा | रु.१०० | रु.१०० |
| ६ | ई-रेक्सा/अटो रिक्सा | रु.१००० | रु.५०० |
| ७ | टिप्पर / ट्रक | रु.३००० | रु.३००० |
| *पुनश्चः गाउँपालिकामा दर्ता भई बार्षिक सवारी कर बुझाएका माथि उल्लिखित सवारी साधनलाई पटके कर लाग्ने छैन* | | | |

## अनुसुची-६

**(दफा-८ सँग सम्बन्धित)**

कसैले यस गाउँपलिका भित्र सार्वजिनक जग्गामा होर्डिङ्ग वोर्ड साईन वोर्ड पम्पलेट पोस्टर जस्ता विज्ञापन सामग्रीहरु राखेमा निम्न वमोजिमको बार्षिक विज्ञापन कर लिईने छ ।

| | | |
|---|---|---|
| १ | **विज्ञापन दर**<br>क. होडिङ्ग वोर्ड प्रति बर्ग फिट<br>ख. साईन वोर्ड प्रति बर्ग फिट<br>ग. भित्तेलेखन प्रति बर्ग फिट<br>घ. व्यानर प्रति गोटा | रु. ५०/-<br>रु. २०/-<br>रु. २०/-<br>रु. २०/- |
| *गाउँपालिकाले विज्ञापन कर संकलनका लागि राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट स्वीकृत गराई एकमुष्ठ रुपमा न्यूनतम दररेट तोकी ठेक्का आव्हान गर्न सकिनेछ ।* | | |

## अनुसुची-७

**(दफा-९ सँग सम्बन्धित)**

| | | |
|---|---|---|
| १ | मेला महोत्सव प्रत्येक कार्यक्रमको लागि सामान्य प्रकृतिको (पिङ्ग, सर्कस लगायत नभएको ) | रु.१५००० |
| २ | मेला महोत्सव भित्र सर्कस पिङ्ग सहितको मेला महोत्सव कार्यक्रम | रु.२५००० |

## अनुसुची-८

**(दफा-१० सँग सम्बन्धित)**

आ.व.२०८२।०८३ मा गाउँपालिकाले निर्माण, रेखदेख वा संचालन गरेका संरचनामा सञ्चालन हुने हाटबजार वा पसलमा प्रति बैठकी देहाय बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाईनेछ ।

(क) **हरैया र गजेडी हाटबजार**

| क.स | बिवरण | | क.स | बिवरण | |
|---|---|---|---|---|---|
| १ | पान, चुरोट, तमाखु, सुर्ती | ३० | २७ | चटर, मटर फुल्की | २० |
| २ | तरकारी खुद्रा | २५ | २८ | हाँस कुखुरा परेवा प्रति गोटा | १० |
| ३ | तरकारी होलसेल | ५० | २९ | बदाम, चना, मुंगफली | १५ |
| ४ | मिठाई | ३५ | ३० | सजाउने कागज | १५ |
| ५ | तोरीको तेल | ३० | ३१ | आलु पियाज | ३० |
| ६ | कुखुराको मासु | ८० | ३२ | पोलेको मकै | १० |
| ७ | खसीको मासु | १२० | ३३ | विउ आलु प्रति बोरा | १८ |
| ८ | रागो, सुगुर, बंगुर, मासु | ९५ | ३४ | विसाता | ३५ |
| ९ | माछा, कछुवा | ५५ | ३५ | सुन्तला प्रति डोको | २० |
| १० | सिद्रा माछा | २५ | ३६ | बेसार मात्र | १५ |
| ११ | छाता लाईट जुत्ता घडी मर्मत | २० | ३७ | हरियो खुर्सानी मात्र | १८ |
| १२ | भाडा, कुकर मर्मत | २० | ३८ | आर्युवैदिक औषधी र जडिबुटी | २० |
| १३ | धातुको भाडा | ३० | ३९ | कपडा पसल | ५० |
| १४ | नाउ कपाल काट्ने हजाम | ३० | ४० | चटर, मटर मात्र | २० |
| १५ | डोरी चुरा टिका आदी | २५ | ४१ | फेन्सी पसल | ४० |
| १६ | सुन चाँदीका गहना | ४० | ४२ | किराना पसल | ४५ |
| १७ | माटाका भाडा | २० | ४३ | चामल, दाल, पिठो, सुजी | ३५ |
| १८ | लुगा सिलाउने | २० | ४४ | आइस क्रिम | ३० |
| १९ | जुत्ता चप्पल | ३५ | ४५ | हरियो तरकारी र मसलाजन्य | १५ |
| २० | विउ विजन | ३० | ४६ | खाध पदार्थ | ३५ |
| २१ | किताब | ३० | ४७ | पाउरोटी | १२ |
| २२ | फलफुल | ४० | ४८ | डोको, नाम्लो, भकारी आदी | २० |
| २३ | अण्डा पसल | ३५ | ४९ | सिल्टी ढलोटका भाडा पसल | ४० |
| २४ | भुटुवा मासु | ४० | ५० | पित्तलका गहना | ३५ |
| २५ | गहु धान तोरी मसुरो | ४० | ५१ | खेल प्रर्दसनी | ४० |
| २६ | बर्सादी | ३० | ५२ | मटर समोसा पकौडा | ४० |
| ५३ | लस्सी, दहि, चिया | ३० | ६४ | घडी, रेडियो | ३० |

कञ्चन गाउँपालिका राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | खरबुजा, तरबुजा, काको | ३० | ६५ | कागती | १० |
| ५५ | फोटा, पोष्टर | ३० | ६६ | तरकारी प्रति बोरा | १५ |
| ५६ | कोक, फेन्टा, सोडा | ३० | ६७ | साइकलमा ल्याएको तरकारी | १५ |
| ५७ | फलफुल, तरकारी र अन्य विरुवा | ३० | ६८ | रेक्सामा ल्याएको तरकारी | ४५ |
| ५८ | फुलका माला, खेलौना | ३० | ६९ | जिप भ्यानमा ल्याएको तरकारी | ७० |
| ५९ | भुजा चिउरा चना | १५ | ७० | तयारी झोलाको पसल | ४० |
| ६० | उखुको रस र जुस, दहि | ३० | ७१ | गुवाडा | ५ |
| ६१ | चाउमिन पकौडा जेरी मम | ४० | ७२ | धार लगाउने, भाडा टाल्ने | १५ |
| ६२ | ताला, धागो | २० | ७३ | भेली | १० |
| ६३ | थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना | १५० | ७४ | उल्लेखित नभएका वस्तुहरु रु.देखि सम्म | १५-४० |

## (ख) पूर्तिघाट, दियो, गौरी र लौसा हाटबजार

| क.स. | बिवरण | पुर्तिधाट | दियो | गौरी | लौसा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पान, चुरोट, तमाखु, सुर्ती | २५ | २५ | २५ | २५ | |
| २ | तरकारी खुद्रा | २० | २० | २० | २० | |
| ३ | तरकारी होलसेल | ४५ | ४५ | ४५ | ४५ | |
| ४ | मिठाई | ४५ | ४५ | ४५ | ४५ | |
| ५ | तोरीको तेल | २५ | २५ | २५ | २५ | |
| ६ | कुखुराको मासु | ७५ | ७५ | ७५ | ७५ | |
| ७ | खसीको मासु | ११५ | ११५ | ११५ | ११५ | |
| ८ | राँगो, सुँगुर, बँगुर, मासु | ९० | ९० | ९० | ९० | |
| ९ | माछा, कछुवा | ५० | ५० | ५० | ५० | |
| १० | सिद्रा माछा | २० | २० | २० | २० | |
| ११ | छाता, लाईट लाईटर जुत्ता, घडी मर्मत | १५ | १५ | १५ | १५ | |
| १२ | भाँडा, कुकर, चुलो मर्मत | १५ | १५ | १५ | १५ | |
| १३ | धातुको भाँडा | १५ | १५ | १५ | १५ | |
| १४ | नाऊँ कपाल काट्ने हजाम | ३० | ३० | ३० | ३० | |
| १५ | डोरी, टिका, चुरा, पोते आदी | २० | २० | २० | २० | |
| १६ | सुन चाँदीका गहना मर्मत | ३२ | ३२ | ३२ | ३२ | |
| १७ | माटाका भाँडा | २५ | २५ | २५ | २५ | |
| १८ | लुगा सिलाउने | १५ | १५ | १५ | १५ | |
| १९ | जुत्ता चप्पल बिक्री | ३० | ३० | ३० | ३० | |
| २० | विउ विजन | २५ | २५ | २५ | २५ | |
| २१ | किताब | २५ | २५ | २५ | २५ | |
| २२ | फलफुल | ३५ | ३५ | ३५ | ३५ | |
| २३ | अण्डा पसल | ३० | ३० | ३० | ३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | भुटुवा मासु | ४० | ४० | ४० | ४० | |
| २५ | गहुँ धान तोरी मसुरो | ४० | ४० | ४० | ४० | |
| २६ | बर्सादी | ३० | ३० | ३० | ३० | |
| २७ | चटर, मटर फुल्की | ४० | ४० | ४० | ४० | |
| २८ | हाँस कुखुरा परेवा प्रति गोटा | ५ | ५ | ५ | ५ | |
| २९ | बदाम, चना | १५ | १५ | १५ | १५ | |
| ३० | सजाउने कागज | १५ | १५ | १५ | १५ | |
| ३१ | आलु प्याज | ३५ | ३५ | ३५ | ३५ | |
| ३२ | पोलेको मकै | १० | १० | १० | १० | |
| ३३ | विउ आलु प्रति बोरा | २० | २० | २० | २० | |
| ३४ | विसाता | ३० | ३० | ३० | ३० | |
| ३५ | सुन्तला प्रति डोको | १५ | १५ | १५ | १५ | |
| ३६ | बेसार मात्र | १५ | १५ | १५ | १५ | |
| ३७ | हरियो खुर्सानी मात्र | १० | १० | १० | १० | |
| ३८ | आर्युवैदिक औषधी र जडिबुटी | १५ | १५ | १५ | १५ | |
| ३९ | कपडा पसल | ४५ | ४५ | ४५ | ४५ | |
| ४० | चटर, मटर मात्र | १५ | १५ | १५ | १५ | |
| ४१ | फेन्सी पसल | ३५ | ३५ | ३५ | ३५ | |
| ४२ | किराना पसल | ४० | ४० | ४० | ४० | |
| ४३ | चामल, दाल, पिठो, सुजी | ३० | ३० | ३० | ३० | |
| ४४ | आइस क्रिम | २५ | २५ | २५ | २५ | |
| ४५ | अदुवा, लसुन, तामा तरकारी, मसला | १० | १० | १० | १० | |
| ४६ | खाद्य पदार्थ | ३० | ३० | ३० | ३० | |
| ४७ | पाउरोटी | १० | १० | १० | १० | |
| ४८ | नाङलो, कुचो, डोको भकारी, स्याखु सुपो नाम्लो | १५ | १५ | १५ | १५ | |
| ४९ | सिल्टी ढलोटका भाडा पसल | ३५ | ३५ | ३५ | ३५ | |
| ५० | पित्तलका गहना | ३० | ३० | ३० | ३० | |
| ५१ | खेल प्रर्दसनी | ४० | ४० | ४० | ४० | |
| ५२ | मटर समोसा पकौडा | ३५ | ३५ | ३५ | ३५ | |
| ५३ | लस्सी, दहि, चिया | २५ | २५ | २५ | २५ | |
| ५४ | खरबुजा, तरबुजा, काको | १० | १० | १० | १० | |
| ५५ | फोटा, पोष्टर | १० | १० | १० | १० | |
| ५६ | कोक, फेन्टा, सोडा | २५ | २५ | २५ | २५ | |
| ५७ | फलफुल, तरकारी र अन्य विरुवा | २५ | २५ | २५ | २५ | |
| ५८ | फुलका माला, खेलौना | २५ | २५ | २५ | २५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५९ | भुजा चिउरा चना | १० | १० | १० | १० | |
| ६० | उखुको रस र जुस, दहि | २५ | २५ | २५ | २५ | |
| ६१ | चाउमिन पकौडा जेरी मःमः | ३५ | ३५ | ३५ | ३५ | |
| ६२ | ताला, धागो | १५ | १५ | १५ | १५ | |
| ६३ | तयारी झोलाको पसल | २५ | २५ | २५ | २५ | |
| ६४ | घडी, रेडियो | १० | १० | १० | १० | |
| ६५ | कागती | १० | १० | १० | १० | |
| ६६ | तरकारी प्रति बोरा | २५ | २५ | २५ | २५ | |
| ६७ | साइकलमा ल्याएको तरकारी | १० | १० | १० | १० | |
| ६८ | ई-रेक्सामा ल्याएको तरकारी | ४० | ४० | ४० | ४० | |
| ६९ | जिप भ्यानमा ल्याएको तरकारी | ६५ | ६५ | ६५ | ६५ | |
| ७० | थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना | ३५ | ३५ | ३५ | ३५ | |
| ७१ | गुवाडा | ५ | ५ | ५ | ५ | |
| ७२ | धार लगाउने, भाँडा टाल्ने | १५ | १५ | १५ | १५ | |
| ७३ | भेली | १० | १० | १० | १० | |
| ७४ | उल्लेखित नभएका वस्तुहरु | १५-४० | १५-४० | १५-४० | १५-४० | |

**नोट :**

१) उपरोक्त बैठकी कर एउटा बैठकीको लागि हुनेछ। एउटा बैठकी भन्नाले अधिकतम ६x८ क्षेत्रफल सम्मको हुनेछ। सो भन्दा बढी क्षेत्रफल प्रयोग भएमा सोही अनुपातमा थप बैठकी कर लाग्नेछ।

२) हाटबजारमा आउने सवारीका साधनमा पार्किङ्ग शुल्क लगाउनुपर्ने भएमा प्रति साधन देहाय बमोजिम हुनेछ।
साईकल रु.५।- मोटरसाईकल रु.१०।- ईरिक्सा/टेम्पो रु.१५।- कार/जीप/भ्यान रु.२०।-

## अनुसुची-८

**(दफा-११ सँग सम्बन्धित)**

| | | |
|---|---|---|
| १ | नावालक प्रमाणित सिफारिस | रु.५०० |
| २ | **नाता प्रमाणित सिफारिस** | |
| क | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | रु.१००० |
| ख | नाता प्रमाणित सिफारिस (नेपाली) | रु.५०० |
| ग | नाता प्रमाणित सिफारिस (सामाजिक सुरक्षा प्रयोजन) | रु.३०० |
| घ | पारिवारिक विवरण सिफारिस | रु.५०० |
| ३ | मुचुल्का शुल्क सामान्य | रु.१००० |

| | | |
|---|---|---|
| ४ | मुचुल्का शुल्क (उद्योग प्रयोजन, IEE, EIA प्रयोजन) | रु.५००० |
| ५ | मुचुल्का शुल्क अन्य | रु.३००० |
| | | |
| ६ | जग्गा कागज, सवारी साधन बिक्री कागज, लिजको कागज लेखेको | रु.१५०० |
| ७ | जग्गा कागज, सवारी साधन बिक्री कागज, लिजको कागज प्रमाणित गरेको | रु.१००० |
| **कागज बनाए बापत प्राप्त जम्मा राजस्व रकमको ५० प्रतिशत रकम कागज गराउने कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।** | | |
| ८ | संस्था/व्यवसाय दर्ता सिफारिस गाउँपालिकामा दर्ता हुने बाहेक | रु.५०० |
| ९ | कोठा खाली गर्ने सिफारिस | रु.५०० |
| १० | नयाँ बाटो खोल्ने सिफारिस | रु.५००० |
| ११ | बाटो कायम सिफारिस | रु.१००० |
| १२ | मुद्दा चलेको आयस्रोत कम भएको सिफारिस | निशुल्क |
| १३ | घर भत्किएको सिफारिस (विपद जन्य) | निशुल्क |
| १४ | अपाङ्ग परिचय पत्र सिफारिस | निशुल्क |
| १५ | आर्थिक स्रोत कम भएको सिफारिस | निशुल्क |
| १६ | जातियता प्रमाणित तथा सिफारिस | रू.१०० |
| १६ | वार्षिक आम्दानी विवरण आम्दानीको | ०.३% |
| *सम्पत्ति मूल्यांकन सिफारिस ५० लाख सम्म रु ३००० र सोभन्दा माथि १ करोड सम्म रु ५००० तथा सो भन्दा माथि प्रति लाख १०० थप* | | |
| १७ | करचुक्ता सिफारिस | रु.१००० |
| १८ | व्यवसाय बन्द सिफारिस | रु.५०० |
| १९ | छात्रबृत्ति सिफारिस | निशुल्क |
| २० | जन्ममिति/फरक जन्ममिति/मृत्यु प्रमाणित/विवाह/अविवाहित प्रमाणित | रु.५०० |
| २१ | धारा जडान सिफारिस (विपन्नको हकमा) | रु.१०० |
| २२ | धारा जडान सिफारिस | रु.२०० |
| २३ | विद्युत सिफारिस | रु.२०० |

| | | |
|---|---|---|
| २४ | कृषि विद्युत मिटर सिफारिस | निःशुल्क |
| २५ | बसोवास सिफारिस | रु.७०० |
| २६ | भू-वर्गिकरण सिफारिस | रु.१००० |
| २७ | नागरिकता सिफारिस | रु.२०० |
| २८ | नागरिकता सिफारिस (प्रतिलिपि) | रु.५०० |
| २९ | पेन्सन सिफारिस पारिवारिक विवरण सहित (नेपाल) | रु.१५०० |
| ३० | पेन्सन सिफारिस पारिवारिक विवरण सहित (भारत) | रु.३००० |
| ३१ | पेन्सन सिफारिस पारिवारिक विवरण सहित तेस्रो (मुलुक) | रु.५००० |
| ३२ | नाम थर फरक सिफारिस | रु.५०० |

**सेवा शुल्क तर्फ**

| | | |
|---|---|---|
| **१. परीक्षा आवेदन दस्तुर** | | |
| क | श्रेणी विहिन तहका लागि | रु.५०० |
| ख | सहायकस्तर | रु.८०० |
| ग | अधिकृतस्तर | रु.१२०० |
| **२. चारकिल्ला सिफारिस** | | |
| क | चारकिल्ला सिफारिस अन्य प्रयोजन | रु.५०० |
| ख | जग्गामा खरिद बिक्रीको लागि चार किल्ला सिफारिस गर्दा मालपोत मूल्याङ्कनको बिक्री हुने जग्गाको मात्र (बिक्री प्रयोजन) | ०.३% |
| ग | जग्गा प्लटिङ्ग अनुमति दस्तुर | रु.२५००० |

| | | |
|---|---|---|
| **४. छुट कित्ता दर्ता सफारिस** | | |
| क | न्युनतम १ कट्ठा सम्मको छुट कित्ता सिफारिस न्युनतम | रु.२००० |
| ख | १ कट्ठा भन्दा माथि थप प्रति कट्ठा | रु.१००० |

| | | |
|---|---|---|
| **५. बकस पत्र तर्फ** | | |
| क | बकस पत्र सिफारिस न्युनतम १ कट्ठा सम्म | रु.३००० |
| ख | १ कट्ठा भन्दा माथि थप प्रति कट्ठा | रु.१५०० |
| **६. शेष पछिको बकस पत्र सिफारिस** | | |
| क | बकस पत्र सिफारिस न्युनतम १ कट्ठा सम्म | रु.५००० |

| | | |
|---|---|---|
| ख | १ कट्ठा भन्दा माथि प्रति कट्ठा | रु.१००० |

| | | |
|---|---|---|
| ७ | जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपी लिन | रु.१००० |
| ८ | जग्गा धनि प्रमाण पत्र पुर्जाको लिन | रु.१००० |
| ९ | जग्गा नामसारी तथा अँशबण्डा (१ कट्ठा भन्दा माथी प्रति कट्ठा) | रु.५०० |
| १० | जग्गा नामसारी तथा अँशबण्डा (१ कट्ठा सम्म) | रु.२००० |
| ११ | घर कायम | रु.१००० |
| १२ | मोही लगत कट्टा | रु.१५०० |
| १३ | गाउँपालिकाको दियो सभाहलको सेवा शुल्क प्रतिदिन | रु.१००० |
| **१३. पूर्वाधार विकास सेवा शुल्क (बेदर्ता जग्गाको लागि निस्साको आधारमा)** | | |
| क | २ कट्ठा सम्म | रु.५० |
| ख | २ देखि ५ कट्ठा सम्म | रु.१०० |
| ग | ५ देखि १० कट्ठा सम्म | रु.२५० |
| घ | १० कट्ठा देखि माथि प्रति कट्ठा थप | रु.२५ |

**<u>शिक्षा तर्फ</u>**

| | | |
|---|---|---|
| **सञ्चालन अनुमति सामुदायिक तर्फ** | | |
| १ | आधारभुत तह सम्म शुल्क | रु.२५०० |
| २ | मा. वि. तह सम्म शुल्क | रु.३५०० |
| **संस्थागत विद्यालयको वार्षिक राजश्व** | | |
| १ | आधारभुत तह (०-५) सम्म | रु.३५०० |
| २ | आधारभुत तह (०-८) सम्म | रु.४५०० |
| ३ | माध्यमिक तह (०-१०) सम्म | रु.५५०० |
| ४ | माध्यमिक तह (०-१२) सम्म | रु.६५०० |
| **सञ्चालन अनुमति संस्थागत तर्फ** | | |
| १ | आधारभुत तह सम्म कक्षा थप प्रति कक्षा | रु.२५००० |
| २ | मा. वि. तर्फ प्रति कक्षा | रु.३५००० |
| ३ | विद्यालय ठाउँसारी (सिफारिस) | रु.७००० |
| ४ | विद्यालय अभिलेखीकरण | रु.२५००० |
| ५ | विद्यालय नामसारी र नाम परिवर्तन | रु.५००० |
| **क्याम्पस तर्फ (नीजि)** | | |

| | | |
|---|---|---|
| १ | नीजि क्याम्पस | रु.७००० |

**अन्य संचालन अनुमति**

| क्र.सं. | शीर्षक | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | प्राविधिक शिक्षा नीजि | रु.५००० | |
| २ | एजुकेशनल कन्सल्टेन्सी तथा भाषा कक्षा | रु.१०००० | रु.४००० |
| ३ | ड्राईभिङ्ग इन्स्टिच्युट | रु.५००० | रु.३००० |
| ४ | शिशु विकास केन्द्र/मन्टेश्वरी | रु.२५००० | रु.३००० |

| **शिक्षक सरुवा अनुमति** | | |
|---|---|---|
| **गाउँपालिका भित्र** | | |
| १ | आधारभुत तह सम्मको | रु.२००० |
| २ | माध्यमिक तह सम्मको | रु.३००० |
| **जिल्ला भित्र (अन्तर स्थानीय तह)** | | |
| १ | आधारभुत तह सम्मको | रु.३००० |
| २ | माध्यमिक तह सम्मको | रु.४००० |
| **जिल्ला बाहिर** | | |
| १ | आधारभुत तह सम्मको | रु.७००० |
| २ | माध्यमिक तह सम्मको | रु.१०००० |

| **शिक्षा तर्फ अन्य** | | |
|---|---|---|
| १ | प्राप्ताङक रिटोटलिङ्ग प्रति विषय | रु.२०० |
| २ | ग्रेड सिट सच्याउने शुल्क (३५ दिन देखि १ वर्ष सम्म) | रु.५०० |
| ३ | ग्रेड सिट सच्याउने शुल्क (१ वर्ष भन्दा माथि) | रु.१००० |
| ४ | ग्रेड सिट प्रतिलिपि | रु.५०० |
| ५ | ग्रेड सिट प्रतिलिपि (१ वर्ष भन्दा माथि) | रु.१००० |
| ६ | अस्थायी, करार, अनुदान शिक्षकको नियुक्ति अभिलेखीकरण | रु.१००० |
| **३५ दिन भित्र ग्रेड सिट सच्चाउँदा शुल्क लाग्नेछैन** | | |

**घर नक्सा पास दस्तुर**

| क्र.सं. | शीर्षक | शुल्क |
|---|---|---|
| १ | नयाँ घर प्रति स्क्वायर फिट | |

| | | | |
|---|---|---|---|
| | क | मुल सडकमा | रु. ५ |
| | ख | भित्री सडक | रु. ३ |
| २ | पुरानो भवनको लागि प्रति स्क्वायर फिट | | रु. ३ |
| ३ | कृषि प्रयोजनको लागि निर्माण हुने टहराको लागि प्रति स्क्वायर फिट | | रु. १ |
| ४ | कन्सल्टेन्सी प्रति घर अनुसार | | रु.३०० |
| ५ | घर नक्सा पास किताब रू. ५०० कार्यपालिकाको निर्णयानुसार समावेश गर्ने | | |
| ६ | घरनक्सा नामसारी प्रति स्क्वायर फुट | | रु २ |

**वडा कार्यालयमा गरिने लेनदेन व्यवहार सम्बन्धी**

| | | |
|---|---|---|
| १ | रू. ५० लाखसम्म (लेनदेन कारोबार मूल्यको) | रु २०० |
| २ | रू. ५० लाख देखि माथि १ करोडसम्म (लेनदेन कारोबार मूल्यको) | रु २०० |
| ३ | रू. १ करोड देखि माथि (लेनदेन कारोबार मूल्यको) | रु २०० |

| माटो उत्खन्न दस्तुरः |
|---|
| **यस कञ्चन गाउँपालिका क्षेत्रबाट माटो बालुवा मिस्कट गिट्टी निकासी एवं ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति घनफिट शुल्क प्रदेश कानुनले तोकेको दररेट वा रु.३ प्रति घन फुट मध्ये जुन बढि हुन्छ त्यही रकम र नियमानुसारको भ्याट रकम** |

**अनुसुची-९**

**(दफा-१२ सँग सम्बन्धित)**

गाउँपालिकालाई तिर्नुपर्ने कुनैपनि कर तथा सेवा शुल्क बक्यौताको हकमा प्रति वर्ष चालु आ.व. को दरको १० प्रतिशतका दरले जरिवाना लाग्ने ।

| गिट्टी, बालुवा, माटो अवैध निकासी, पैठारी, उत्खनन वापत जरिवाना शुल्क | | |
|---|---|---|
| १ | ट्र्याक्टर | रु.१०००० |
| २ | टिप्पर | रु.२५००० |
| ३ | जेसिवि/स्काभेटर | रु.५०००० |

| |
|---|
| **<u>नोट</u>**: प्रत्येक पटकको अवैध निकासी, पैठारी, उत्खनन वापत<br>**पहिलो पटकको जरिवाना शुल्क** : शुरू शुल्कको थप ५० प्रतिशत<br>**दोस्रो पटकको जरिवाना** : थप १०० प्रतिशत<br>**तेस्रो पटकको जरिवाना** : थप १५० प्रतिशत र सोही अनुपातमा प्रत्येक पटकको जरिवाना बढ्नेछ । यसरी संकलन भएको अवैध निकासी, पैठारी, उत्खनन वापतको जरिवाना शुल्कको २५ प्रतिशत रकम सुरक्षाकर्मीलाई प्रोत्साहनस्वरूप उपलब्ध गराइनेछ । |
| **अन्य स्थानीय तहबाट यस गाउँपालिकाभित्र अवैधानिक रुपमा माटो बालुवा मिस्कट गिट्टी पैठारी भएको खण्डमा माथि १,२,३ बमोजिम शुल्क लिने** |

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०८२/०४/०१**

आज्ञाले,

माधव प्रसाद पोखेल

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका

कञ्चन गाँउपालिका स्थानीय राजपत्र